नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

पौष/माघ २०८० (January 2024) वर्ष २७/अङ्क ३०१

## "परमेश्वरको निगाहमा हुर्कंदै र बढ्दै जाऔं"

- पाष्टर प्रेम श्रेष्ठ

यशैया ५८:११ (परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ । तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ ।)

परमेश्वरपितालाई धन्यवाद होस् जसले हामीलाई एउटा अर्को वर्ष थपिदिनुभएको छ । २०२३ साल हाम्रो लागि अति नै आशिषमय रहयो र २०२४ साल उहाँको कृपामा रही परमेश्वरको महिमा र मण्डली, परिवार र समाजको भलाई गर्दै अर्थपूर्ण रुपमा जिउन सकौं । यसपालीको सूचनापत्रमा नेइम जोरपाटी चर्चको बारेमा नै नेइम परिवारलाई सु-सुचित गराउने उद्देश्यका साथ केही कुरा लेख्न पहल गर्दैछु । यो मण्डलीले आफ्नो २५ औं वर्षगाठ (रजत महोत्सव) आगामी जनवरी १९,२० का दिन धन्यवादको सेवा राखेर मनाउने जमर्को गर्दै छ ।

सन १९९८ तिरको तत्कालिन नेइमको एडिडीको ज्ञानेश्वर चर्चमा अक्टोबर महिनातिर बसेको नियमित बैठकमा नेइमको फैलिंदै जाने नीति अनुरुप तत्कालिन डीकन प्रेम श्रेष्ठले जोरपाटी क्षेत्रका प्रियहरूलाई सुविधा हुने गरी सोही क्षेत्रतिर एउटा आराधना सेवा हुनुपर्ने प्रस्ताव पेश भए मुताविक ४ जनाको ठाउँ खोज्ने र सेवा सुरु गर्ने भन्ने निर्णय भयो जसमा डीकन प्रेम श्रेष्ठ, डीकन घनश्याम दाहाल, डीकन बर्णबास श्रेष्ठ र डीकन दिनेश न्यौपाने रहने गरी एउटा समिति बन्यो ।

हुनलाई यो भन्दा अगाडि पनि स्व. शुभद्रा लामा दिदीको घरमा केही समय सेवा सुरु भएर बन्द भएको अवस्था थियो तर तत्कालीन समयमा गठन भएको समितिले आफ्नो कार्य सुरु गऱ्यो र फलस्वरुप प्रभुको कृपामा सन १९९९ जनवरी १९ तारिखका दिन शुभद्रा लामा दिदीकै घरको छेउको भागमा रहेको एउटा १०० जना जति अटाउने टहरोमा बालबालिका, महिला, पुरुष र जवान गरेर ४५-५० जनाको संख्यामा पहिलो आराधना सेवन भवन रू. ३००० बहालमा पा. रोबर्ट कार्थक गुरुबाले उद्घाटन गर्नुभयो । भर्खर फिलिपीन्सबाट आफ्नो इश्वरशास्त्र पूरा गरेर फर्किनुभएको तत्कालिन एल्डर महेश थान्ज्यूलाई नेइम जोरपाटी चर्चको नेतृत्व प्रदान गरियो र मण्डली स्थापना भयो । पूर्णकालिन सेवाको लागि डी. अष्ट श्रेष्ठ र श्री पासाङ डेविड शेर्पालाई समावेश गरियो ।

यो मण्डलीले अब २५ औं बसन्त पार गरी २६ औं वर्षमा प्रवेश गर्ने जमर्को गर्दैछ, परमेश्वरले विभिन्न कालखण्डमा अति नै जटिल आन्तरिक तथा बाह्य आक्रमणको सामना गर्नुपऱ्यो, पीडा सहनुपऱ्यो, फूट, गुट साथै अन्य विभाजनकारी घटना सहनुपऱ्यो, जसरी विगत २ हजार वर्षदेखि मण्डली इतिहासले धेरै कुरा सहँदै आयो र आफ्नो दुलही अर्थात् खीष्टको दुलही मण्डलीलाई येशू प्रभु आफैले नै जोगाएर अहिलेसम्म ल्याउनुभयो, त्यसै गरी नेइम जोरपाटी मण्डलीको जीवनमा आएको उताव-चढाव विभिन्न समस्याहरूलाई नेइम पाष्टरिय परिषद, नेइम कार्यकारिणीको दुरगामी सोचले नेइम जोरपाटी मण्डलीमा विश्वासी घर घरानाको प्रार्थना प्रभुप्रतिको अबिललित विश्वासको कारण, परमेश्वरको वचनअनुसार उखुम गर्मीमा, झरि-बादलमा, निराशाको बादलले घेरिएको अवस्थामा पनि आफ्नो प्रतिज्ञाअनुसार हामीलाई प्रशस्त पानीले भिजाएको जमीन जस्तै, प्रशस्त पानी भएको विभिन्न व्यक्तिहरूले भरिएको फूलबारी जस्तै आँखाले नदेखेका, कानले नसुनेका, चित्तमा नपसेका, आशिष्‌ले भरिपूर्ण (१ कोरन्थी २:९) पार्नुभएको छ । मण्डलीको वृद्धि हुँदै जहरसिंहपौवा, गाम्छा, सुन्दरीजल, साँखु, चाँगु, सापाटार र जोरपाटी एवेनेजर कलेज र मण्डलीले देखेको ठूलो सपना अनुसार झण्डै ४ रोपनी जग्गा प्राप्तिसँगै निर्माण भएको कागेश्वरी मनोहरा ४ डाँछी पानी ट्यांकीस्थित नेइम जोरपाटी डाँछी चर्च जो अहिले सम्मकै केन्द्रको रुपमा विस्तारित हुँदै प्रभुलाई महिमा दिँदैछ ।

हाम्रा आगामी लक्ष्य धेरै मण्डली, धेरै अगुवा र धेरै सेवकाइको घोषित लक्ष्यसहित एउटा मजबुत सहयोगी अगुवाहरूको झुण्डलाई साथ लिएर हिंड्न पाउनु र झण्डै १२००+ जना विश्वासीहरूको साथ सहयोग र विशेष गरी सर्वशक्तिमान परमेश्वरको निगाह हामीमाथि छ र आफ्नो मण्डलीलाई काठमाडौंको उत्तरपूर्वी क्षेत्रमा बढ्दै जान अगुवाइ गर्दै हुनुहुन्छ र कति अन्य जिल्लाबाट पाल्नुभएका हाम्रा विश्वासीहरूको घर गाउँतिर कति ठाउँमा जाँदैछौं र जाने क्रम जारी छ । मण्डली जहिले पनि चलायमान हुन्छ र फैलिंदै जानुपर्छ,

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | डाँछी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पौष २८**<br>January 13 | एल्डर<br>अर्जुन ढकाल | श्रीमती<br>माया तामाङ्ग | एल्डर<br>दान ब.अधिकारी | श्री<br>माया लामा | श्री<br>मिन ब. तामाङ्ग | डीकन<br>ध्रुव घिमिरे | पाष्टर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>घनश्याम दाहाल | श्री<br>जीवन खालिङ | एल्डर<br>भुवन देवकोटा | पाष्टर<br>प्रेम श्रेष्ठ |
| **माघ ६**<br>January 20 | पाष्टर<br>सिमोन पाठक | पाष्टर<br>अशोक मुखिया | डीकनेस्<br>रमा राई | श्री<br>डिल्ली ब. तामाङ्ग | श्री<br>सुचन तामाङ्ग | पाष्टर<br>घनश्याम दाहाल | डीकन<br>सिमोन भण्डारी | डीकन<br>श्रीराम सुर्खेती | श्री<br>जीवन खालिङ | डीकन<br>कृष्ण नगरकोटी | संयुक्त सेवा<br>डाँछी चर्च |
| **माघ १३**<br>January 27 | एल्डर<br>रत्नमान महर्जन | डीकन<br>कान्छा श्रेष्ठ | एल्डर<br>अर्जुन ढकाल | एल्डर<br>बाग मान तामाङ्ग | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>सिमोन खालिङ | पाष्टर<br>रूबेन श्रेष्ठ | एल्डर<br>राज गुरूङ्ग | पाष्टर<br>शरण राई | एल्डर<br>यमदेवी पोखेल | श्री<br>प्रेम गुरूङ्ग |
| **माघ २०**<br>February 3 | पाष्टर<br>अशोक मुखिया | श्री<br>सरुष तामाङ्ग | डीकन<br>सुबोध अधिकारी | डीकन<br>राम ब. तामाङ्ग | श्री<br>विजय तामाङ्ग | पाष्टर<br>वीर ब. खवास | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>शरण राई | श्री<br>डा.सुदान रूचाल | एल्डर<br>पेशल राई |

आफ्ना व्यक्तिगत स्वार्थ, लोभलालच, पक्षपातपूर्ण व्यवहार नगरी, पापसँग सम्झौता नगरी पवित्र आत्माको अगुवाइमा एकजुट भएर एकै मनका भएर प्रभुको महिमा र मण्डलीको भलाइलाई केन्द्र विन्दु बनायौं भने हामीले धेरै फड्को मार्न सक्छौं । धेरै मण्डली स्थापना गर्न सक्छौं । धेरै असल तालिम प्राप्त अगुवा निर्माण गर्न सकिन्छ साथै धेरै सु-समाचार केन्द्र (एन्टिओख) तयार गर्दै जान सकौं र अन्तमा आगामी २०२४ जनवरी १९,२० मा हुन गइरहेको २५ औं वर्ष रजोत महोत्सवमा हार्दिक बधाई र शुभकामना र सबै महिमा प्रभुलाई होस् साथै सधैं जसो सम्पूर्ण नेइम मण्डली परिवारको साथ सहयोग नैतिक, भौतिक रुपमा प्राप्त भइरहोस् ।

आमिन!!!

## जानकारी



झापा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती रन्जना थापा ५७ वर्षको उमेरमा मंसिर २८ गते/डिसेम्बर १४ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



मध्यपुर ठिमी बस्नुहुने नेइम सिर्जनानगर मण्डलीको सदस्य श्री अष्ट बहादुर दुवाल ४१ वर्षको उमेरमा मंसीर १० गते/नोभेम्बर २६ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



भैंसेपाटी बस्नुहुने नेइम ललितपुर मण्डलीको सदस्य श्री पदम राज कर्निकार ८२ वर्षको उमेरमा मंसीर १३ गते/नोभेम्बर २९ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

मंसिर १६ गते/डिसेम्वर २ तारिख नेइम डाँछी चर्चका ६ जना सदस्यहरूले मण्डलीमा सम्पर्ण गर्नुभयो ।

### विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवा शुरू हुन अघिनै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र राखिएका कार्पेटमुनि र कुर्चीमुनि चुइगम नटाँसिदिनुहुन साथै भवनभित्र नानीहरूलाई खुवाएर चाउ चाउ, विस्कुटको धुलो छरपष्ट पारेर फोहोर नगरिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

२. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | ढलमल | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पौष २८**<br>January 13 | एल्डर<br>गोपी राई | एल्डर<br>राज गुरूङ्ग | डीकन<br>अमृत लामा | एल्डर<br>कृष्ण तामाङ्ग | डीकनेस्<br>उषा गौतम | डीकन<br>उमेश मगर | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>बी.एन पण्डित |
| **माघ ६**<br>January 20 | रजत महोत्सव : संयुक्त सेवा डाँछी चर्च | | | | | | | श्री<br>कुमार सेन्चुरी | श्री<br>प्रेम गुरूङ्ग | डीकन<br>अनिल आले | श्री<br>चन्द्र तामाङ्ग |
| **माघ १३**<br>January 27 | श्री<br>फुर्का तामाङ्ग | एल्डर<br>जमान घ्लान | डीकन<br>पवन सुनुवार | एल्डर<br>गोपी राई | डीकन<br>कृष्ण श्रेष्ठ | श्री<br>चित्र खड्का | डीकन<br>अमृत लामा | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>राजु श्रेष्ठ | डीकन<br>बाबेल राई |
| **माघ २०**<br>February 3 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>लाक्पा लामा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | संयुक्त सेवा<br>गाम्चा चर्च | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>बेन्जामिन तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>जोरविर राई |

## हार्दिक बधाई



मंसीर १७ गते/डिसेम्बर ३ तारिख, आइतबार नेइम गोंगबू चर्चको सदस्य सुश्री सोनु खड्का र प्रकाश चर्च वनस्थलीको सदस्य श्री सुमन सेन्देनको नेइम गोंगबू चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १७ गते/डिसेम्बर ३ तारिख, आइतबार नेइम नगरकोट चर्चको सदस्य सुश्री सोना वाइबा र गलगथा ज्योति चर्च सुर्खेतको सदस्य श्री रेशम ओलीको नेइम नगरकोट चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर २४ गते/डिसेम्बर १० तारिख, आइतबार नेइम सुन्दरीजल चर्चका सदस्यहरू श्री प्रधुमन श्रेष्ठ र सुश्री सपना महर्जनको क्वालिटी ब्याङ्क्वेट, भैसेपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### जनवरी महिनाको कार्यक्रम

माघ १ गते/जनवरी १५ तारिख सोमबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नो मण्डलीमा ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलापको साथै देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपको कारण दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. विभिन्न माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र खीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाईमा बोझसाथ लागिपर्न सकून् भनी प्रार्थना गरौं ।

८. मण्डलीका विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशूमा पाइने सित्तैंमा मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २२ 7<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | २९ 14<br>नेपाली इसाई मण्डली तथा नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२ | ७ 21<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | १४ 28<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| **सोमबार** Monday | २३ 8<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | माघ १ 15<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ८ 22<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १५ 29<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २४ 9<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | २ 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ९ 23<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | १६ 30<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार** Wednesday | २५ 10<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घुसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ३ 17<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | १० 24<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १७ 31<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार** Thursday | २६ 11<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | ४ 18<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | ११ 25<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १८ February 1<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २७ 12<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ५ 19<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १२ 26<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १९ 2<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार** Saturday | २८ 13<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ६ 20<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १३ 27<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | २० 3<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**परमप्रभुको महान् प्रेमले गर्दा हामी भस्म भएका छैनौं, उहाँका कृपाको अन्त कहिल्यै हुँदैन । हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ । तपाईंको विश्वस्तता महान् छ । मेरो प्राणले भन्छ, "परमप्रभु नै मेरो सर्वस्व हुनुहुन्छ, यसैकारण म धैर्यसाथ उहाँको प्रतीक्षा गरिरहन्छु ।" परमप्रभुको बाटो हेर्ने, उहाँलाई खोज्नेहरूप्रति परमप्रभु कृपालु हुनुहुन्छ । चूपचापसँग परमप्रभुका उद्धारको बाटो हेर्नु असल हुन्छ । आफ्नो युवावस्थामा नै जुवा बोक्नु मानिसलाई असल हुन्छ । परमप्रभुले यो त्यसमाथि राख्नुभएकोले त्यो एक्लै शान्त बसोस् । त्यसले आफ्नो मुखले भुईं छोओस्, यसरी अझै आशा होस् । आफ्नो गाला हिर्काउनेपट्टि नै फर्काइदेओस्, र गिल्ला सहँदैरहोस् । किनभने परमप्रभुले मानिसहरूलाई सधैंको निम्ति फाल्नुहुन्न, उहाँले दुःख ल्याउनुभए तापनि आफ्नो कृपा देखाउनुहुनेछ, उहाँको कहिल्यै नथामिने प्रेम अति महान् छ ।**

**विलाप ३: २२-३२**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,